# निमन्त्रण पत्र

## رسالة إلى هندوسي

## باللغة النيبالية


प्रकाशक

उनेज़ा इस्लामिक सेन्टर  अल्क़षीम

पोस्ट बाक्स न०– ८०८ फोन न०–०६–३६४४५०६–३६५४००४

**UNAIZAH ISLAMIC CENTER ALQASEEM POST.BOX. NO. 808 TEL — 06—3644506—3654004**

म शुरु गर्दछु अल्लाहको नाम बाट जुन अति दयालु र कृपालु छ ।

मेरो प्यारो मित्र

मलाई आशा छ कि तपाईं कुशल् पूर्वक हुनु हुन्छ । यो एउटा धार्मिक पत्र हो जसलाई तपाईको सेवामा पठाई रहेको छु । यो पत्र लेखने कारण यो हो कि तपाईंलाइ तपाईंको जन्मको बारेमा बताउनु हो र यो थाहा दिनु हो कि तपाईंको साँचो जन्मदाता कुन हो ? तपाईंलाई यो स्वच्छ जीवन र शान्तिले भरिएको जीवन प्रदान गर्नेवाला तथा रोजी दिनेवाला कुन् हो ? यस संसारलाई संचालन् गर्नेवाला र यस विशाल आकास र धर्तीलाई बनाउनेवाला , सूर्य, तथा चन्द्रमा उदाउनेवाला , रात्रि तथा दिवालाई ल्याउने वाला कुन् हो ? मलाई भरपुर आशा छ कि तपाईंले यस पत्रलाई पढेर अवश्य बिचार गर्नु हुनु हुन्छ र सोझो बाटो तिर लाग्न्मा प्रयतन् पनि गर्नु हुनु हुन्छ ।

मेरो प्यारो मित्र :– यस विशाल संसारका यत्रो ठूलो गोला र यसमा बेगलै बेगला किसिमका अनौठा थोकहरू र यसमा उठ्बस् गर्ने जीव जन्तुहरू यिनीहरू एउटा यस्तो महान मालिकको अधीनमा छन् तथा उसै मालिकको आज्ञापालन् गरि रहेका छन् उसैको इशारा माथि हिँड्छन् र उसैको दास तथा प्रजा हुन् । जो मालिक धेरै शक्तिशाली र जबरजस्त तागतवाला छ । जुन जब चाहोस , जे चाहोस , जहाँ चाहोस , सबै कुरा गर्न सक्दछ । उसका कार्यहरूमा कोही पनि कुनै किसिम्को अड्काउ (बाँधा) हालन् सक्तैन । यस बिशाल संसारमा उसको कोही पनि साझेदार छैन । उस माथि कसैको हुकुम् चल्दैन । बरू उ सबैको हाकिम् हो । उसले कसै बाट जन्म लिनु भएन । न त कसैले उसलाई जन्माएको हो तथा न त उसबाट कसैले जन्म लिएको हो । उ एकलो छ । सबै बाट बेपरबाह (स्वच्छन्द) छ । उसको कोही आमा, बुबा छैन र न त उसको स्वास्नी र केटाकेटी छन् । उ सधैं देखि अमर छ र सधैं रहि रहने छ । उसलाई कहिलऐ मृत्यु आउने छैन । (अर्थात अल्लाह (ईश्वर) चिरञ्जीवी छ ) उसलाई निँद्रा तथा उँघ आउदैन । उ बिशाल शक्तिहरूको मालिक छ । उसलाई हामी अल्लाह (ईश्वर) भन्छौं । तथा यसको अर्थ यो भयो कि जुन मालिक यत्रो बडा र ठूलो शक्तिशाली छ कि पूरा संसार उसैको हो तथा सब थोक उसैको अधीनमा छ भने उपासना र पूजाको साँचो हक्दार पनि उही हो । उसै अल्लाहको अगाडि झुक्नु , घोप्टिनु , अनिवार्य छ र उसै सित बिन्ति , फिराद र उजुर गर्नुहोस । जे माग्नु पर्‍यो उसै सित मागनुस् र उसैको लागि आफ्नो जीवन समर्पित गरि दिनुस् । उस बाहेक अरू कुनै जीव जन्तु , देवीदेवता, र मूर्तिलाई पूजा न गर्नुस । यस्ता निर्जीव मूर्तीहरू सित केही माग्नु हुँदैन र न त यिनीहरूको अगाडि आफ्नो टाउकोलाई झुकाउनु हुँदैन र अल्लाह बाहेक कसै प्रति यो बिश्वास गर्नु हुँदैन कि त्यो केही नफा र नोकसान पुर्‍याउन् सक्दछ । एउटो कुरा ध्यानमा राख्नुहोस कि अल्लाहको कुनै रूप छैन । उ कसैको रूपमा ब्यापत् , र उपस्थित हुँदैन र उ न त

कसैको रूप धारण गर्दछ । यदि तपाईं मलाई आज्ञा दिनु हुन्छ त म एउटो कुरा सोध्छु ?हामी कति मूर्ख तथा बुद्धू छौं कि हामी ती थोकहरूको पूजापाट गर्दछौं जुनलाई अल्लाहले हाम्रो अधीनमा गरि दिएको छ । हामी तिन्लाई आफ्नो ईश्वर तथा भगवान मान्दछौं र पत्याउँदछौं जुन आँफै हाम्रा दास र सेवक हुन् । तिनीहरूमा अलिकति पनि तागत र शक्ति छैन कि तिनले हाम्रो केही बनाउन् र बिगारन सकून । यहाँ सम्म कि यदि आफै तिनी माथि कोही झींगा अथवा कीरा फटचङ्गरा बसि हालोस त तिनले यस झींगा आदिलाई लखेटन् पनि सक्तैनन् । हामी कङ्कड, गेगर , ढुङ्गा , सूर्य , चन्द्रमा, गाई, गोरू, रूख बिरुवा यहाँ सम्म कि लिङ्ग को अगाडि आफ्नो निधार तथा टाउकोलाई झुकाई दिन्छौं । तिनी सित बिन्ति गर्न थाल्छौं र तिनी को पूजापाठ गर्दै तिनी माथि चढावा चढाउँछौं । तिनीलाई आफ्नो ईश्वर , पालन्कर्ता, दाता, र भगवान ठान्दछौं । तपाईंले आँफै बिचार गर्नुस कि यिनीहरू हामीलाई के प्रदान गर्न सक्दछन ? तिनी त कुरा पनि गर्न सक्दैनन् । तिनी हिल्डुल् पनि सक्दैनन् । ती मूर्तीहरू त आफै निर्जीव छन् हामीलाई के नाफा , नोकसान पुर्‍याउन् सक्दछन् ? हामी त मूर्खताको अन्तिम सीमा सम्म पुगी हालें यस्तो कि हामी मध्ये कुनै एउटा मानिस खाडलबाट माटो निकाल्दछ फेरि त्यस माटोलाई सडाएर आफनै हात, खुट्टाले माडदछ । फेरि त्यस पछि त्यसै सडाइए र माडिएको माटोबाट सरस्वती देवी, वा राम , सीता ,वा गणेश तथा अनेकौं प्रकारका मूर्तीहरू बनाउँदछ। मूर्तीहरू बनाउँदा खेरी देवीको स्तनलाई आफ्नो हातले बाटुलाकार बनाउँदछ । देवीको गालो ठाँटदछ र ती मूर्ती तथा देवीलाई लुगा पहिराइ राम्रो सजावट संग एउटा ठाउँमा उभियाउँदछ । त्यस पछि पन्डित ज्यु आउँदछन् अनि मानिसहरू भेला भएर ती आफनै

हातले निर्मित गरेको मूर्तीलाई पूजा गर्न थाल्छन् । फेरि ती मूर्तीहरू माथि मिठाई , नरिवल् , फूलपात तथा रुपियाँ चढाउँदछन् । निर्जीव मूर्ती सित उजुर , फिराद , प्रार्थना, क्षमायाचना, तथा बिन्ति गर्दछन् । यस बाहेक यस्तै अरु धेरै जसो काम गर्दछन् जसको बारेमा तपाईंलाई अवश्य थाहा छ ।  प्रश्न यो छ कि त्यस मूर्तीलाई बनाउने मानिस कुन् हो ? एउटा साधारण मानिस नै त हो जसले उसलाई बनायो । त के भगवान यत्रो लाचार छ कि त्यो हामी र तपाईंको सहायताको लागि विवश छ ? फेरि माटोले बनाइएको त्यो मूर्ती के अल्लाह(ईश्वर) हुन सक्दछ ? त्यो त कुरा गर्न पनि सक्दैन । त्यसमा हेरने, सुन्ने शक्ति पनि छैन । हिल्डुल् पनि गर्न सक्दैन अथवा त्यसको प्रतिमा माथि जो खानेकुरा मानिसहरूले चढाउँदछन् ती खानेकुरालाई त्यो मूर्तीले खाउन पिउन सक्दैन । बरू यदि त्यस मूर्तीको मुखलाई कुकुरले चाटन अथवा टाउको माथि पिसाब गर्न थालोसभने त्यो मूर्तीले त्यस कुकुरलाई लखेटन पनि सक्दैन ।  मेरो प्रिय मित्र अलिकति बिचार गर्नुस कि त्यो मूर्ती यस्तो शक्तिशाली र बलियो हुन्छ त आफै बनी हाल्छ कुनै मानिसले बनाउनको खाँचो पर्दैन ।

फेरि जसमा केही पनि तागत र शक्ति छैन त आफनो मुटुले सोध्नुस कि ती मूर्तीहरू ईश्वर कस्तो हुन सक्दछन् ? जुन यति लाचार तथा विवश छ त्यो कसतो भगवान हुन् सक्दछ ? भगवान त धेरै बडा र महान छ । उही सम्पूर्ण संसारको मालिक हो । धर्ती र आकासमा जे थोक पनि छन सबै उसैको अधिकारमा छन् । कोही पनि जीव जन्तु जो यस धर्तीमा जन्म लिन्छ त्यो उसको पकड् बाट बाहिर छैन । उसलाई त सबै जीवको पैदा हुने , पालन पोषण हुने , हुर्कने, र मृत्यु हुने सम्म को ठाउँलाई पनि थाहा छ । अल्लाह तआलाले आफनो पवित्र किताब कुरआनमा भन्छ । (( हे मानिसहरू आफ्ना पालन्कर्ताको आदेशको पालन् गर । जसले तिमीलाई तथा ती मानिसहरू लाई जुन तिमीहरू भन्दा अगाडि आएका थिए जन्म दियो । ताकि तिमी सज्जन् मानिस बनि जाऊ । जसले तिम्रो लागि धर्तीलाई बिछ्योना र आकासलाई छाना बनायो , अनि आकासबाट पानी बर्सायो । फेरि यसै वर्षाको माध्यमले फल्फूल आदि उत्पन्न गऱ्यो । यसले गर्दा तिमी कसैलाई अल्लाहको साझेदार न बनाऊ र तिमीलाई यसकुराको बारेमा थाहा छ । )) अब तपाईं बिचार गर्नुस कि हामी कत्रो पथभ्रष्ट भएका छौं ?। सत्य मार्ग देखि कति टाढा छौं ?। ह्मामी कति मूर्ख छौं कि उनी अल्लाह(ईश्वर) लाई छोडेर जसले हामीलाई पैदा गऱ्यो , राम्रा राम्रा दुइटा आँखा दियो , नाक दियो , कान दियो , हात र खुट्टा दियो , जिब्रा दियो , हिँडने र काम गर्नको तागत ( शक्ति) दियो । सोच बिचार गर्ने र ठीक बेठीक छुटिचाउने मुटु र मगज दियो । अल्लाहका यी सबै उपकार हामीहरू माथि हुँदाहुँदै पनि हामीले अल्लाहलाई त्यागेर मूर्ती, ढुङ्गालाई पूजा गर्दछौं । फोटुलाई पनि पूजा गर्दछौं । ती निर्जीव मूर्तीहरू सित प्रार्थना गर्दछौं । यो उस अल्लाह तआलासंग ठूलो अन्याय हो जसले तपाईंलाई जन्मदियो र तपाईंलाई खानेकुरा दिन्छ । प्रिय मित्र जुन मानिसहरू आफ्नो मालिक सित बिद्रोही गर्दछन् ती कसै साथ बफदिारी गर्न सक्दैनन् यही कारण छ कि हिन्दु समाज स्पष्ट रूपले छिन्न–भिन्न भएको छ । किनकि हिन्दूहरू मध्ये एउटा ठूलो संख्या जुनले आफैलाई हिन्दू सम्झन्छन् तिनीहरू ब्राहमणवादको अत्याचार तथा जात पातको जाँतोमा पिस्दा पिस्दै हिन्दू पंथ देखि ब्याकुल भइसकेका छन् तथा ब्राहमणहरूले बनाएका नियमलाई घृणा सित हेरि रहेका छन् ।

यो एउटा साँचो कुरा हो कि हिन्दु धर्म सत्य धर्म होइन बरु झे प्राचीन कालमा मानिसहरूले आफ्नो मगजबाट बनाइएका जीवन ब्यतीत गर्ने नियम हो । तर इस्लाम धर्म त यो अल्लाहको ठूलो उपकार हो जो उसले सम्पूण संसारका मानिसहरूको निम्ति कोसेलीको रूपमा प्रदान गर्नु भएको छ । यही कारण हो कि अल्लाहले बनाउनु भएका नियममा मानिसहरूको माझमा कुनै जात पातको भावना र छूत छात छैन । अल्लाहको नजिक सबै मानिसहरू एकनास छन् । उसले सबैलाई एउटै आमा , बुबा बाट पैदा गरेको छ । उसको कानुनमा कोही सानो ठूलो छैन ।

उसको बिधानमा सज्जन तथा प्रतिष्ठित र ठूलो मानिस त्यो हो जुन सबै भन्दा अधिक उसको सम्मान र उपासना गर्दछ तथा उ सित डराउँछ । तर तपाईंले अलिकति हिन्दू धर्म तिर हेरनु हुन्छ भने बडो आश्चर्य लाग्नेछ कि हिन्दू धर्मले कस्तो सबै मानिसलाई चार वर्गमा विभाजन गरी राखेको छ र यो विश्वास राख्दछ कि ब्राहमण्नले ब्रहम्माको मुख बाट जन्म लिएको छ । यसले गर्दा समस्त संसारमा उही पवित्र र ईश्वरको मित्र हो , क्षत्री ब्रहम्माको पाखुरा बाट पैदा भएको छ । वैश्य ब्रहम्माको तिघ्राबाट पैदा भएको छ । शुद्र ब्रहम्माको खुट्टा बाट पैदा भएको छ । यिनी चारौं वर्गहरू मध्ये हर एक वर्गका लागि

भिन्न– भिन्नै काम छ । ब्राहमणलाई पूरै स्वतन्त्रता प्राप्त छ । त्यो जो चाहोस समाजमा गरोस । शूद्रकी छोरी, बुहारी ब्राहमणकी दासी हुन् । ब्रकहमणका निम्ति तल्लो दर्जाका तीनौं वर्गको धन माल वैध छ । ब्राहमणलाई रोक टोक गर्नु ठूलो अपराध हो । शूद्रले ब्राहमणको सेवाका लागि जन्म लिएको छ । शूद्रका सबै थाकहरू धनमाल , छोरी, बुहारी , ब्राहमणका लागि हुन् । मनूशास्त्रमा उल्लेखित छ । ((जब कोही ब्राहमण पैदा हुन्छ भने उ संसामा सबै भन्दा श्रेक्ष्ठ प्राणी हुन्छ । उ सबै मानिसको राजा हो । उसको काम हो शास्त्रको रक्षा , जे थोक पनि यस संसारमा छ त्यो ब्राहमणको माल हो । )) (मनु शास्त्र पहिलो अध्याय ) (( ब्राहमणलाई यदि आवश्यक्ता परोस भने उ आफनो दास शूद्रको धन माल बलपूर्वक लिन् सक्दछ । यसमा कुनै किसिमको पाप छैन । )) ((यदि शूद्रले ब्रहमणलाई हात व लौरो हिर्काओस भने उसको हातलाई काटि दिइने छ । यदि चर्को रिसले आगो भएर खुट्टा हान्दछ भने उसको खुट्टालाई काटि दिइने छ । यदि कोही शुद्र कुनै ब्रहमण संग एउटै ठाँउमा बस्दछ भने उसको चाकलाई फलाम तताएर पोली दिइने छ । )) (मनु शास्त्र आठौं अध्याय ) (( यदि शुद्रले ब्रहमणलाई गाली गरोस भने उसको जिब्रालाई मुखबाट झिकि लिइनेछ । यदि यस कुराको दावा गर्दछ कि उ ब्रहमणलाई शिक्षा दिन सक्दछ भने उमल्दा तातो तेल उसलाई खुवाइने छ । )) (( कुकुर , बिरालो , भ्यागुतो , लाटोकोसेरो तथा शुद्रलाई कत्तल गर्ने पश्चात्ताप ( दण्ड) बराबर छ ))

प्रिय मित्र अलिकति विचार गर्नुस । के ईश्वर आफना भक्तहरू माथि यस्तो अत्याचार गर्न सक्दछ ? कहिले पनि यस्तो हुन् सक्दैन । उ आफ्ना भक्तहरूको माझमा यस्तो फरक गर्दैन । अल्लाह तआला आफ्नो पवित्र कुरआनमा भन्दछन् । (( हे मानिसहरू मैले तिमीहरूलाई एउटै लोग्ने मानिस (आदम) र एउटै स्वास्नीमानिस

(हव्वा) को माध्यमले पैदा गरेको छु तथा मैले तिमीहरूलाई धेरै जन समुदाय र कुलघरानामायसले गर्दा विभाजित गरी दिएको छु ताकि तिमीहरू एक अर्का संग परिचय गर्न सकौ । अल्लाहको नजिक सज्जन मानिस र उसको मायालु उही मानिस हो जुन सबै भन्दा ठूलो संयमी र धर्मात्मा होस ))  (अर्थात :– अल्लाहको दृष्टिमा जात पात ,कुल घराना , र साना ,ठूला, धनी , गरीब ,

गोरो , कालो आदि कुनै भेद भाव छैन ) प्रिय मित्र यो हो अल्लाहको नियम , आदेश तथा उपदेश अनि यही हो इस्लाम धर्मको निमन्त्रण । इस्लाम भन्ने अल्लाह तआलाका आदेश तथा उपदेशलाई अनुसरण र अज्ञापालन गर्नु हो । इस्लाम शब्दको अर्का पनि अर्थ छ सुलह , शान्ति , कुशल्ता , संरक्षण आदि । मानिसलाई शान्ति त्यस बखत मिल्न सक्दछ जब उ आफूलाई अल्लाह तआला समक्ष समर्पण गरी देओस । अनि अल्लाहको आदेशानुसार जीवन ब्यतीत गर्न थालोस । प्रिय मित्र यी प्रबल नियम जसमा ठू–ठूला ग्रहहरू समेत पृथ्वीका साना भन्दा साना कण सम्म जुडिएका छन् । एउटा महान शक्तिले बनाएको नियम हो । सम्पूर्ण संसार उसै शासकको आज्ञापालन गर्दछन् । यसले गर्दा सम्पूण विश्वको धर्म इस्लाम हो ।

प्रिय मित्र अन्तमा म तपाईं लाई यो मधुर सन्देश दिँदै अनुमति चाहन्छु कि तपाईंले इस्लाम धर्म तथा उसको नियम , उपदेशलाई अवश्य पढनुहोस । यसै को साथ अब म आफ्नो भनाई लाई टुँङ्गिचउँदछु ।

धन्यबाद

तपाईंको मित्र

लेखक –सय्यद मेराज रब्बानी

इस्लामिक दावा ऐन्ड गाइडेन्स सेन्टर , हाइल् , सऊदी अरब

फोन न० – ५३३४७४८ फ्याक्स ५४३२२११ पेस्ट बाक्स २८४८

नेपाली अनुवादक

अबू फैसल् आबिद बिन् सनाउल्लाह

इस्लामिक सेन्टर उनैजा , अल्कषीम , सऊदी अरब

प्रकाशक

उनैज़ा इस्लामिक सेन्टर सऊदी अरब फोन ३६४४५०६ पोस्ट

बाक्स न० – ८०८